नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

भाद्र/आश्विन २०८१ (September 2024) वर्ष २७/अङ्क ३०९

## नेइमको गौरवपूर्ण इतिहास

- पाष्टर प्रेम श्रेष्ठ

**“प्राचीन साँध-सिमानाको ढुङ्गो नहटा, जो तेरा पुर्खाहरूले खडा गरेका हुन् ।”** - हितोपदेश २२:२८

**परमप्रभु यसो भन्नुहुन्छः “दोबाटोमा उभिएर हेर, प्राचीन मार्गहरूका विषयमा सोध । असल मार्ग कहाँ छ त्यो सोध, र त्यसैमा हिँड, र तिमीहरूले आफ्नो प्राणको निम्ति विश्राम पाउनेछौ । तर तिमीहरूले भन्यौ, ......‘हामी त्यसमा हिँड्नेछैनौं’।** - यर्मिया ६:१६

नेइमको ६६ वर्षे इतिहासमा हजारौं मण्डली स्थापना उत्साहको श्रोत, लाखौं लाख विश्वासीहरूको उद्‌गम स्थल नेइम मण्डली (ज्ञानेश्वर चर्च)को इतिहासको बारेमा केही शब्द लेख्ने र रेकर्ड गर्ने चाहनाले यस पटकको सूचना पत्र लेख्ने प्रेरणा मिलेको छ ।

हरेक व्यक्ति, संस्था र संगठनको सजिलो-अप्ठेरो, राम्रो-नराम्रो इतिहास अनुभव हुन्छ, छ पनि । जो व्यक्तिहरूले आफ्नो इतिहास, औकात बिर्सन्छ त्यस्ताहरूको भविष्य अत्यन्तै असुरक्षित दुःखदायी हुन्छ । वचनले भन्छ प्राचीन मार्गको बारेमा सोध र त्यस असल बाटोमा हिँड् र तेरो प्राणले विश्राम पाउनेछ । तत्कालीन समय इ.सं. २००२ को एडिडी वार्षिक रिट्रिट आनन्द वनमा स्वर्गीय पाष्टर गुरुवा पा. रोवर्ट कार्थकज्यूको नेतृत्वमा भएको थियो । उक्त तीनदिने वार्षिक बैठकमा पाष्टर गुरुवाले नेइम मण्डलीको स्वरूप कस्तो हुनुपर्छ भनी पाष्टर गुरुवालाई परमेश्वरले दिनुभएको वचन यस अनुसार बाँड्नुभएको थियो ।

१. पवित्र आत्माको बप्तिस्मा सबैका निम्ति होस् ।

२. सबै मण्डली परिवारले दशांश दिन सकोस् ।

३. परिपक्वता सबैमा आएको होस् ।

४. Power Evangelism को घटना सबै ठाँउमा भएको होस् ।

५. पूरै मण्डली परिवारमा खीष्टको एकता आएको होस् ।

त्यसपछिका दिनहरूमा वास्तवमै मण्डलीमा वृद्धि आयो । आत्मिक वृद्धि, भौतिक वृद्धि, आर्थिक वृद्धि आयो । १ पत्रुस २:२१ अनुसार हामी येशूको पाईलामा टेकेर हिँड्नु आजको आवश्यकता हो । हामीमा येशूको मन चाहिन्छ **“तिमीहरूमा यस्तो मन होस्, जो खीष्ट येशूमा पनि थियो”** । फिलीप्पी २:५ यदि हामीले येशूको पाइलामा टेकेर हिँड्ने प्रण गर्‍यौं, अभ्यास गर्‍यौं भने जस्तोसुकै विसंगति, विकृति तथा भ्रमहरूबाट मण्डलीलाई सुदृढ, सक्षम र दाग वा चाउरी नपरेको खीष्टको दुलहीको रुपमा तयार पार्न परमेश्वरको अनुग्रह हामीमा प्रशस्त छ ।

दक्षिण कोरियामा कुनै समय संसारको सबै भन्दा तीव्र गतिमा मण्डली वृद्धि भयो तर त्यही देशबाट संसार भरि सबैभन्दा बढि झुठा शिक्षा र विकृति वृद्धि पनि भयो । कति मण्डलीले बाइबलको बाटो अर्थात् खीष्टको बाटो भुले । हाल त्यस्ता मण्डलीमा बेहाल भैरहेको छ । परमेश्वरले दिनुभएको आशिषद्वारा एक अर्काको सहायता, सहयोग र दीनदुःखीहरूलाई ध्यान दिनसकौं । आजको परिपेक्ष्यमा नेइम अझ प्रभुमा एकतावद्ध, सुदृढ र परिपक्वतामा अघि बढ्न सकौं । पवित्र आत्माको शिक्षामात्र होइन तर व्यावहारिक हुँदै पवित्र आत्माको बप्तिस्मा सबैले पाउने वातावरण बनाऔं । पवित्र आत्माको बप्तिस्मा, भरपूरी र अन्य भाषाको शिक्षामा हामी कन्जुसी नगरीकन शिक्षा दिने काम गरौं । मण्डलीको आराधना सेवामा अगमवाणीको स्थान दिऔं । यस्ता प्रकारका सेवाहरू मण्डलीमा निरन्तर हुनु नै नेइमको पहिचान जोगाउनु हो । हाम्रा प्रियहरूलाई आत्मामा हिँड्न, खीष्टको स्वरुपमा निर्माण गर्नमा नै हाम्रो ध्यान केन्द्रित गर्न आवश्यक छ । सबै मण्डली परिवारलाई चिन्ह चमत्कार सहितको सु-समाचार सुनाउन पुरानाहरूले नयाँहरूलाई उत्साह दिऔं साथै हामी सिद्धान्तत स्वपालित मण्डली भएको कारणले सम्पूर्ण मण्डली परिवारलाई प्रभुको आज्ञा अनुसार दशांश दिन सिकाऔं ।

दशौं अंश दिने कार्य व्यवस्था अघि उत्पत्ति १४:२० मा, व्यवस्थासँगै मलाकी ३:८-१२ मा र नयाँ नियम मत्ती २३:२३ बाट सिकाइएको बाइबलमा भएको स्पष्ट आज्ञा हो । यसैमा लाग्नु, पछचाउनु नै पूर्ण बाइबल अनुसार हुन्छ ।

अन्तमा, हामी नेइमकाहरू सबैले सबैलाई एक अर्काको सह-अस्तित्वलाई स्वीकार गर्नलाई परमेश्वरले शक्ति दिनु

## शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | खाल्चोक | बालुवापाटी | ललितपुर | पनौती |
|---|---|---|---|---|---|---|---|
| **भाद्र २९ गते** September 14 | एल्डर अर्जुन ढकाल | श्री सरुष तामाङ्ग | एल्डर दान ब. अधिकारी | डीकन राम ब. तामाङ्ग | श्रीमती निशा तामाङ्ग | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु |
| **आश्विन ५ गते** September 21 | पाष्टर सिमोन पाठक | पाष्टर अशोक मुखिया | डीकनेस् रमा राई | एल्डर पूर्ण सुनुवार | श्री मिन ब. तामाङ्ग | डीकन डा. ध्रुव घिमिरे | पाष्टर रूबेन श्रेष्ठ |
| **आश्विन १२ गते** September 28 | एल्डर रत्नमान महर्जन | डीकन राजु तामाङ्ग | पाष्टर सिमोन पाठक | एल्डर बागमान तामाङ्ग | एल्डर पूर्ण सुनुवार | श्री बचन घिमिरे | डीकन सिमोन भण्डारी |
| **आश्विन १९ गते** October 5 | पाष्टर अशोक मुखिया | श्री सुचन तामाङ्ग | डीकन युसुफ श्रेष्ठ | डीकन भूपाल तामाङ्ग | एल्डर मन बहादुर मगर | पाष्टर बि.बि. खवास | पाष्टर रूबेन श्रेष्ठ |

### नेइम जोरपाटी चर्च

| मिति | डाँछी | बैँसीगाउँ | जहरसिंह पौवा | गाम्चा | सुन्दरीजल | साँखु | चाँगु | सापटार | कपन | फलेडाँडा (शुक्रबार) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **भाद्र २९ गते** September 14 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | डीकनेस् सलोमी दों | एल्डर दानियल सापकोटा | श्री विकास श्रेष्ठ | डीकन रत्न तामाङ्ग | डीकन उमेश मगर | एल्डर अष्ट श्रेष्ठ | डीकनेस् रमा महर्जन | एल्डर जमान घ्लान |
| **आश्विन ५ गते** September 21 | एल्डर पेशल राई | श्री फुर्का तामाङ्ग | एल्डर जमान घ्लान | एल्डर राज गुरूङ्ग | एल्डर कृष्ण तामाङ्ग | डीकन कृष्ण श्रेष्ठ | डीकन उमेश मगर | डीकन अमृत लामा | एल्डर गोपी राई | डीकन सुर्य तामाङ्ग |
| **आश्विन १२ गते** September 28 | एल्डर गोपी राई | एल्डर सागर थापा | श्री मोहन श्रेष्ठ | डीकन अमृत लामा | डीकन कृष्ण श्रेष्ठ | एल्डर कृष्ण तामाङ्ग | एल्डर राज गुरूङ्ग | एल्डर अष्ट श्रेष्ठ | एल्डर लाक्पा लामा | श्री गोविन्द नगरकोटी |
| **आश्विन १९ गते** October 5 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर लाक्पा लामा | एल्डर जमान घ्लान | एल्डर अष्ट श्रेष्ठ | श्री प्रेम गुरुङ्ग | एल्डर सागर थापा | डीकन उमेश मगर | डीकन अमृत लामा | एल्डर दानियल सापकोटा | एल्डर पेशल राई |

भएको होस् । हामी एकअर्काको परिपुरक हौं । प्रभुले राखी दिनुभएको नेइमलाई एकाअर्काको दु:ख-सुखमा साथ दिन सकौं । नेइमलाई अझै संवृद्ध बनाऔं । नेइम रहेन भने के हुन्छ ? कल्पना गर्न पनि सकिन्न । नेइमको अस्तित्व छैन भने हामी कोही पनि सुरक्षित हुदैनौं भन्ने कुरालाई आत्मासाथ गरौं । जेजस्ता कमिकमजोरीहरू छन् । सुधार गरौं । हाम्रो नेइमको गौरवपूर्ण इतिहासमा घाउ, चोट नलगाइकन नेइमको एउटा असल सिपाहीको रुपमा जो ख्रीष्टको असल चेला हो । यसैलाई निरन्तरता दिनु नै आउने पुस्ताहरूमा एउटा आदर्शपूर्ण इतिहास बन्न सक्छ । We are same – Same, we need each other, we are going same place … धन्यवाद ।

### जानकारी

**श्रावण २६ गते/अगष्ट १० तारिख शनिबार ज्ञानेश्वर मण्डली ६७ वर्ष पूरा भएर ६८ वर्षमा प्रवेश भयो ।**

## जानकारी



ढलमल, बानियाटार बस्नुहुने नेइम गोंगबू चर्चको सदस्य श्रीमती दिल कुमारी तामाङ्ग ९१ वर्षको उमेरमा श्रावण २१ गते/अगष्ट ५ तारिख सोमबारका दिन प्रभुमा सुत्नुभयो ।



घट्टेकुलो बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री राजु देउला ४४ वर्षको उमेरमा श्रावण २७ गते/अगष्ट ११ तारिख आइतबारका दिन प्रभुमा सुत्नुभयो ।

| शनिबार आराधना सेवामा वचनको सेवकाइ गर्नुहुनेहरुको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | गुरूजुधारा | भैंसेपाटी | गोदावरी | गोंगबूँ | बानियाटार | धापासी | भंगाल |
| भाद्र २९ गते<br>September 14 | श्रीमती<br>राधा के.सी. | श्री<br>जीवन खालिङ | एल्डर<br>आनन्द न्यौपाने | एल्डर<br>बि.एन पण्डित | श्री<br>कुमार सेन्चुरी | एल्डर<br>जोरविर राई | एल्डर<br>छोदेन कार्थक |
| आश्विन ५ गते<br>September 21 | एल्डर<br>नभराज के.सी. | एल्डर<br>भुवन देवकोटा | एल्डर<br>जनक लाल श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | डीकन<br>सुक्रराज घिमिरे | एल्डर<br>राजु श्रेष्ठ | डीकन<br>डि.बि. राई |
| आश्विन १२ गते<br>September 28 | श्रीमती<br>दिना शाह | एल्डर<br>आमोस खालिङ | एल्डर<br>भुवन देवकोटा | पाष्टर<br>बर्णबास श्रेष्ठ | एल्डर<br>पिटर लिम्बू | डीकन<br>अनिल आले | श्री<br>चन्द्र तामाङ्ग |
| आश्विन १९ गते<br>October 5 | एल्डर<br>रूद्र राई | पाष्टर<br>शरण राई | डीकन<br>कृष्ण नगरकोटी | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>कर्ण ब. तामाङ्ग | एल्डर<br>छोदेन कार्थक | एल्डर<br>जोरविर राई |

# विषेश प्रार्थना

१. देशको राष्ट्रपति, उप राष्ट्रपति प्रधान मन्त्री, उप प्रधान मन्त्री, मन्त्री मण्डल, राजनैतिक पार्टीहरू साथै अन्य सम्पूर्ण निकायका पदाधिकारीहरूको निम्ति प्रार्थना गरौं ।

२. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् भनी प्रार्थना गरौं ।

३. अन्धकारका शक्तिका अधार्मिक कामहरू चोरी, डकैती, घूसखोरी, हत्या, आत्महत्या, लागु पदार्थ दुर्व्यशन, अपहरण, देह व्यापार, चेलीबेटी बेचबिखन आदि जस्ता दुष्टका कामहरूको विरुद्धमा प्रार्थना गरौं ताकि यस्ता अन्धकारका कामहरू हटेर गएको होस् ।

४. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरौं ।

५. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठ्यारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

६. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरौं ।

७. इस्राएल देशका यहूदी जातिहरूले समयमा नै ख्रीष्ट येशू प्रभुलाई प्रभु अनि मुक्तिदाता भनी विश्वास गर्न सकून् ।

८. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणता परमेश्वरको महिमाको लागि हामी सबै इमान्दारी र विश्वासयोग्य हुन सकौं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

१०. बाढी, पहिरो र डुबानको कारण बिस्थापित भएका परिवारहरूको पुनर्स्थापनाको लागि साथै विभिन्न समस्यामा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।

## मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

## विशेष अनुरोध

१. मण्डलीको आराधना सेवा, प्रार्थना सभाहरू साथै अन्य सेवा संगतिहरूमा सेवा शुरू हुन अघिनै समयमै उपस्थित भइदिनुहुन मण्डली परिवारलाई विशेष अनुरोध गर्दछौं ।

२. मण्डली भवनभित्र राखिएका कार्पेटमुनि र कुर्चीमुनि चुइगम नटाँसिदिनुहुन साथै भवनभित्र नानीहरूलाई खुवाएर चाउ चाउ, विस्कुटको धुलो छरपष्ट पारेर फोहोर नगरिदिनुहुन विशेष अनुरोध गर्दछौं ।

३. आराधना सेवाहरूको साथै अन्य सेवा संगति, सभाहरूमा आउनुभएका नयाँ-पुरानाहरूसँग सेवाअघि र सेवापछि चिनापर्ची, भेटघाट गरी प्रभुमा हुर्काउनको लागि हप्ताबीचको घरेलु संगति साथै अन्य सेवा संगतिहरूमा पनि लैजानुहुन अनुरोध गर्दछौं । जसको फलस्वरूप मण्डलीमा आउनुभएका नयाँहरू मण्डलीको प्रेम र वास्तामा प्रभुमा बढ्दै जान सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार** Sunday | २३ 8<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>एज्रा ७:९-१० | ३० 15<br>नेपालमा रहेका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनेहरू हुनुको साथै जीवनको असल साक्षीद्वारा पनि साक्षी बन्न सकून् ।<br>मत्ती ५:१३-१६ | ६ 22<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ | १३ 29<br>विभिन्न माध्यमहरूद्वारा प्रचारिने सुसमाचारद्वारा संसारभर धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।<br>रोमी १०:९-१७ |
| **सोमबार** Monday | २४ 9<br>सम्पूर्ण विश्वासीहरू एकआपसमा सधैं प्रेम, मेलमिलाप र एकतामा रही एकअर्काको लागि साथै समाजको लागि पनि आशिष् बन्न सकौं ।<br>यूहन्ना १३:३४-३५ | ३१ 16<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमाल, पहाडदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १०५:१४-१५ | ७ 23<br>येशू प्रभुलाई विश्वास गरेकाहरू साँचो अर्थमा पूर्ण रूपमा परिवर्तित जीवनमा परमेश्वरलाई पछ्याउनेहरू हुन सकून् ।<br>एफिसी ५:१-१३ | १४ 30<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह ११९:१-१८ |
| **मंगलबार** Tuesday | २५ 10<br>मण्डलीका सबै विश्वासीहरू जीवनका सबै रहनसहनमा परमप्रभुको आदर गर्नेहरू भई इमान्दारितामा जिउन सकून् ।<br>रोमी १५:१-६ | १ आश्विन 17<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दुःख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहन साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ८ 24<br>पढाइ र कामको क्षेत्रमा रहेकाहरू इमान्दार भएर परमेश्वरको साक्षीपूर्ण जीवन जिउन सकून् र हरेकको जीवनमा परमेश्वरको आशिष् र ज्ञान बुद्धि मागिदिऔं ।<br>हितोपदेश ९:१०, याकूब १:५ | १५ October 1<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ |
| **बुधबार** Wednesday | २६ 11<br>हामी सबैले वचन पढ्ने, साथै वचनको प्रकाश र ज्ञानमा बढ्दै जान, पवित्र आत्माले नै सहायता गरून् ।<br>एफिसी १:१८-१९ | २ 18<br>आउँदा दिनहरूमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ९ 25<br>दुःख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या विभिन्न कारणले थाकेकाहरू साथै रोगी बिरामीहरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १६ 2<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ |
| **बिहीबार** Thursday | २७ 12<br>मण्डलीको चार खाँ बोः पुरुष, महिला, युवा, बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | ३ 19<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिकी जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>लूका २:४०, ५२ | १० 26<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भएर जिउन सकून् ।<br>२ तिमोथी २:२२ | १७ 3<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ |
| **शुक्रबार** Friday | २८ 13<br>हामी विश्वासीहरूमा परमेश्वरको वचन पढ्ने, सुन्ने, पालन गर्ने इच्छा बढेर गएको होस् ।<br>प्रकाश १:३ | ४ 20<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरू साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>२ कोरिन्थी २:१७, हिब्रू ४:१२ | ११ 27<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने ख्रीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ५५:१-३, १०-११ | १८ 4<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, |
| **शनिबार** Saturday | २९ 14<br>देशभरिका मण्डलीहरूमा गरिएका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा होस् ।<br>भजनसंग्रह ४७:१-९ | ५ 21<br>सारा विश्वव्यापी मण्डलीहरू संख्यात्मक वृद्धि, मात्र होइन तर आत्मिक जागृतिको साथै पवित्रतामा निरन्तर बढ्दै जान सकून् ।<br>१ पत्रुस १:१५-१६ | १२ 28<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:४-६ | १९ 5<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४५:१-७ |

**हे टापूहरू हो, मेरो कुरा सुन । हे टाढाका जातिहरू हो, यो कुरा सुन । जन्मनुभन्दा अघि परमप्रभुले मलाई बोलाउनुभयो । मेरो जन्मदेखि नै उहाँले मेरो नाउँको चर्चा गर्नुभएको छ । उहाँले मेरो मुख लाग्ने तरवार जस्तै बनाउनुभयो । उहाँले मलाई आफ्नो हातको छहारीमुनि लुकाउनुभयो । उहाँले मलाई चिल्लो र टल्कने काँड बनाउनुभयो, र मलाई आफ्नो ठोक्रोमा लुकाइराख्नुभयो । उहाँले मलाई भन्नुभयो, "तँ मेरो दास इस्राएल होस् । तँमा नै मेरो ऐश्वर्य म प्रकट गर्नेछु ।"** **यशैया ४९:१-३**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४५१४४८९/४५१२१७२, Email:info@nim.org.np,